नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. : ९७७-१-४२११९९०

फ्याक्स नं. : ९७७-१-४२००३७५

प.सं. :- क.प्र.२.१.१७/२०७५/७६ मिति २०७५।०९।२३

च.नं. :- १४६१

**विषयः विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
वा अन्तर्गत कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरु ।

प्रस्तुत विषयमा कर्मचारी विवरण अध्यावधिक गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (निजामती किताबखाना) बाट यसभन्दा अगाडि जारीगरेको सूचना वा मोवाइल म्यासेज प्राप्त गर्नुभएकै होला ।

यस मन्त्रालय, कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखाको च.न. १३३८, मिति २०७५।०९।०१ को विवरण अद्यावधिक गर्ने गराउने पत्रबाट समेत सबै केन्द्रीय निकायहरुलाई कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ४ को उपदफा १ मा **"सेवा संचालन गर्ने निकायले सरकारी सेवा अन्तर्गत सम्बन्धित सेवा, समूह वा उपसमूहका कर्मचारीको विवरण अध्यादेश जारी भएको १५ (पन्ध्र) दिन भित्र राष्ट्रिय किताबखानामा अद्यावधिक गराउनु पर्नेछ"** भनी परिपत्रको व्यहोरा समेत अवगत भएकै होला ।

यसरी कर्मचारी समायोजनमा निजामती किताबखानाको विवरण नै आधिकारिक हुने र विवरण अद्यावधिक गर्न सन्देश (Message) एवम् परिपत्रबाट समेत जानकारी गराइएकोमा हालसम्म पनि कतिपय कर्मचारीहरुले आ-आफ्नो विवरण निजामती किताबखानामा अद्यावधिक गराएको नपाइएकोले हालसम्म विवरण अद्यावधिक हुन बाँकी रहेका यस मन्त्रालय र अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुले आ-आफ्नो विवरण तत्काल निजामती किताबखानामा अद्यावधिक गर्नु/गराउनु भइ यस मन्त्रालयमा जानकारी गराउनुहुन अनुरोध छ ।साथै विवरण अद्यावधिक नभएका कारणले समायोजनमा कुनै समस्या आइपरेमा त्यसको सम्पूर्ण जिम्मेवार सम्बन्धित कर्मचारी नै रहने व्यहोरा समेत यस मन्त्रालयको मिति २०७५।०९।२२ को निर्णयानुसार अनुरोध छ ।

बलदेव भण्डारी
शाखा अधिकृत